म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १६४ मंगलबार ९ माघ २०८० ने. सं. ११४४ पोहेलाथ्व 23 January 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## थाहानगरबाट लागूऔषध सहित दुईजना पक्राउ

हेटौंडा, ८ माघ/मकवानपुरको उत्तरीक्षेत्रस्थित थाहा नगर पालिका-८ दामगडेबाट लागुऔषध सहित दुईजना पक्राउ परेका छन् । पक्राउ पर्नेहरुमा रसुवा पार्वतीकुण्ड गाउँपालिका-५ घर भई हाल थाहा नगरपालिका-९ नारायणहिटी बस्ने २७ बर्षीय प्रभात घले र थाहा नगर पालिका-३ दमकी घरभई हाल वडा नं.६ बज्रबाराही बस्ने ३२ बर्षीय रणबहादुर थिङ रहेका छन् ।

सोमबार दामगडेस्थित भित्री सडकखण्डमा गल्छीबाट पालुङतर्फ आउँदै गरेको बा १५ च ३९२९ नम्बरको बोलेरो चेकजाँच गर्दा दुईवटा बोरामा ५० किलो लागुऔषध गाँजासहित चालक घले र थिङलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । गाँजा, बलेरो गाडी सहित दुबै जनालाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय पालुङले जनाएको छ ।

# शिवम् खानीको ओभरवटन खोलामा, ३०० घरधुरी र सयौं हेक्टर सिचाईं क्षेत्र जोखिममा

साझाकुरा संवाददाता



हेटौंडा, ८ माघ/शिवम् सिमेन्ट उद्योगले खानी क्षेत्रको ओभरवटन (चुनढुंगा उत्खनन् गर्दा निस्किएको काम नलाग्ने बस्तु) सीधै खोलामा फालेपछि आधा दर्जन गाउँ जोखिममा परेको छ ।

हेटौंडा उपमहानगर पालिका-१७, हटियास्थित उद्योगको मकवानपुरगढी गाउँपालिका-७ र ८ नम्बर वडामा चुनढुंगा खानी छ । शिवम्ले ७ नम्बर वडाको खोटार खानीको ओभरवटन सीधै बुढीचौर खोलामा खसालेको स्थानीयले बताएका छन् । शिवम्ले चुनढुंगा उत्खनन् गर्दा निस्किएका ओभरवटन आफैंले व्यवस्थापन गर्नुपर्नेमा सीधै खोलामा खसालेको छ । गाउँपालिका अध्यक्ष दोर्जे लामास्याङ्तानले शिवम्लाई खोलामा खसालिएको ओभरवटन व्यवस्थापन गर्न निर्देशन दिएपनि उद्योगले अटेर गरेको पाइएको छ ।

ठाडो बुढीचौर खोलामा खसेको ओभरवटन बगेर आउँदा मकवानपुरगढी गाउँपालिकाको ७, २, ३, ५ र ६ नम्बर वडाको ३०० बढी घरधुरी र सयौं हेक्टर सिचाईंक्षेत्र जोखिममा पर्ने ३ नम्बर वडाअध्यक्ष भागवत घिमिरेले बताए । ७ नम्बर वडाको पाङटोल, गीताधर्म, आम्बोटे, भण्डारे, किटिनी, न्यौपानेटार, भुँडेदमार, सातकन्या, कोलदमार, मच्छेडाँडा, वतासेडाँडा, हुलाकदमार, नरसिंडाँडा, जिमरगेबडाडा, थासाटोल लगायत गाउँ खानी प्रभावित क्षेत्र हुन् ।

खानीको कारण मकवानपुरगढीको वडा नम्बर २, ३, ४, ५, ६ को सामरी तटका स्थानीय प्रभावित छन् भने वडा नम्बर ८ र ७ का पनि प्रभावित छन् । वडा नम्बर ७ र ८ का स्थानीयहरु बाह्रै महिना धुलोमैलो, ध्वनी प्रदुषण झेल्दै आएका छन् । वडाअध्यक्ष घिमिरेले खोलामा सीधै ओभरवटन खसालेर सिंगो गाउँ नै खोजिममा पार्ने शिवम्लाई गाउँपालिकालगायत सम्बन्धित निकायले तत्काल कारबाहीको दायरामा ल्याउनुपर्ने बताए ।

बर्षायासमा अव्यवस्थित ओभरवटन बगेर आउँदा खोलाको सतह बढेर खेतियोग्य जग्गा र बस्ती कटानसँगै सिचाईंमा समस्या भएको र शुद्ध खानेपानी समेत पाईन छाडेको वडाध्यक्ष घिमिरे बताउँछन् । खानेपानी विस्तारको पाइप लाइन क्षति हुनुका साथै तटीय क्षेत्रका गाउँबस्तीका घर, विद्यालय, पाटीपौवा, मठमन्दिर, स्वास्थ्यचौकी, पानीघट्टहरु बाढी र पहिरोको जोखिममा रहेको घिमिरेले बताए ।

बुढीचौर खोला ७ नम्बर वडाको सुकौरा खोलामा आएर मिसिन्छ । बुढीचौर र सुकौरा खोलाको दोभानमा करिब ५० घरधुरीको सुकौरा बस्ती र खोला नजिकैको जनता मावि नै पहिलो खोजिममा परेको गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र कार्की बताउँछन् । बुढीचौर र सुकौला खोला मिसिएर बन्ने सामरी खोलाको नजिकै ३०० घरधुरी रहेका छन् ।

शिवम्को खानी क्षेत्रको ओभरवटनले ७ नम्बर वडाको सुकौरासहित २ नम्बर वडाको कुर्ले बासपानी, ३ नम्बर वडाको सिचाईं क्षेत्र धमिले फाँट, ६ नम्बर वडाको १०० घरधुरी रहेको ठूलो बस्ती डुम्रेकुना, २०० बढी घरधुरी रहेको ५ नम्बर वडाको भालुखोला, धादिङ र सिमलटार बस्ती जोखिममा परेको प्रमुख प्रशासकीय अधिकृत कार्कीले जानकारी दिए । धादिङ, भालु खोलाको सयौं हेक्टर सिचाईं क्षेत्र पनि जोखिममा परेको छ । सामरी खोलामा बाढी आउँदा त्यसको पूभाव राप्ती खोलामा पनि पर्ने गरेको छ । हेटौंडा-१, ३, ११, १२, १९ कातल्लो तटीय क्षेत्रमा पनि धेरथोर असर पुग्ने स्थानीयले बताएका छन् ।

# गौरीटारमा १० वर्षपछि राष्ट्रिय फुटबल प्रतियोगिता

साझाकुरा संवाददाता



हेटौंडा, ८ माघ/ बागमती प्रदेशको राजधानी हेटौंडा-६ स्थित गौरीटार रंगशालामा १० वर्षपछि राष्ट्रिय फुटबल प्रतियोगिता हुने भएको छ । यही माघ १६ गतेबाट गौरीटार रंगशालामा स्थानीय तह छैठौं सहिद स्मृति अन्तर्राष्ट्रिय मकवानपुर गोल्डकप फुटबल प्रतियोगिता हुने भएको हो ।

२८ जेठ २०६६ मा पूर्वप्रधानमन्त्री माधव नेपालले शिलान्यास गरेको गौरीटार रंगशालामा २०७० सालमा एनसेल महिला राष्ट्रिय फुटबल प्रतियोगिता भएको थियो । रंगशालाको निर्माण सम्पन्न नभइकन भएको महिला राष्ट्रिय फुटबल प्रतियोगिको फाईनलमा नेपाल प्रहरी र शसस्त्र प्रहरीबीच उपाधिका लागि भिडन्त भएको थियो । प्रतियोगिताको उपाधि नेपाल प्रहरीले हात पारेको थियो । २०७० सालमा भएको प्रतियोगितादेखि १० वर्षसम्म गौरीटारमा कुनै पनि खेलकुद गतिविधि हुन सकेको थिएन ।

२०७४ मा आएर प्रदेश सरकार स्थापनापछि प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले गौरीटार रंगशालाको काम अगाडि बढाएका थिए । प्रदेश सरकारले क्रमागत योजनाअन्तर्गत् निर्माणकार्य अगाडि बढाउँदा पनि केन्द्रीय खेलकुद प्रतिष्ठान (गौरीटार रंगशाला) अझै अपूर्ण छ । हेटौंडामा प्रथम अन्तर नगर खेलकुद प्रतियोगिता-२०३९ हुने समयमा गौरीटारमा अत्याधुनिक सुविधा सम्पन्न रंगशाला निर्माण गर्ने घोषणा गरिएको थियो । चार दशक अघि गौरीटार रंगशालामा खेलकुदको अभ्यास गर्ने सपना देखेका कतिपय खेलाडीले यो संसारबाट बिदा लिइसकेका छन् भने कतिपय खेलाडीले खेलजीवनबाट सन्यास लिइसकेका छन् ।

१४ वर्षसम्म पनि अधुरै रहेको अन्तर्राष्ट्रिय मापदण्ड अनुसार निर्माण रंगशालामा अब भने खेलकुद प्रतियोगिता हुने भएको छ । ५ वर्षमा सम्पन्न गर्ने भनेर शिलान्यास भएको रंगशाला १४ वर्षसम्म पनि सम्पन्न भएको छैन । तर, स्थानीय तह छैठौं सहिद स्मृति अन्तर्राष्ट्रिय मकवानपुर गोल्डकप फुटबल प्रतियोगिता गर्न लागि आयोजकले तीब्र रुपमा काम गरिरहेका छन् ।

क्रमशः पृष्ठ-४....

## विद्यालयस्तरीय टि-२० क्रिकेट प्रतियोगिता हुने



साझाकुरा संवाददाता

हेटौंडा, ८ माघ/ हेटौंडामा स्व. निरज श्रेष्ठ स्मृति विद्यालय स्तरीय टि-२० क्रिकेट प्रतियोगिता हुने भएको छ । माघ २० गतेदेखि सुरु हुने यो प्रतियोगिता दोस्रो संस्करण भएको मकवानपुर क्रिकेट संघले जनाएको छ ।

संघले सोमबार पत्रकार सम्मेलन गर्दै हेटौंडा-४ हुप्रचौरमा हुने खेलमा जिल्लाका संस्थागत तथा सामुदायिक गरी १६ वटा विद्यालय सहभागी हुने क्रिकेट संघ बागमती प्रदेश सदस्य तथा कार्यक्रम संयोजक सञ्जोग पोखरेलले जानकारी दिए । प्रतियोगिताको प्रथम र द्वितीय हुने टिमलाई नगदसहित ट्रफि, मेडल र प्रमाणपत्र प्रदान गरिने छ ।

उत्कृष्ट ब्याट्सम्यान, उत्कृष्ट बलर, म्यान अफ द सिरिजलाई नगद सहित ट्रफि र प्रमाणपत्र प्रदान गरिने बताइएको छ । प्रत्येक खेलको म्यान अफ द म्याचलाई ट्रफि र प्रमाणपत्र प्रदान गरिने र प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरु छनोट गरी अण्डर १६ जिल्ला टिमको निर्माण गरी प्रशिक्षण गराउने तयारी समेत रहेको क्यान मकवानपुरका अध्यक्ष करन महत्राक्षेत्रीले बताए ।

११ दिनसम्म चल्ने प्रतियोगितामा २७ खेल हुनेछ । प्रतियोगिताका लागि अनुमानित ५ लाख ५० हजार खर्च लाग्ने अनुमान गरिएको क्रिकेट संघ मकवानपुरका सचिव तथा राष्ट्रिय एम्पायर बिनोद कुमार बानियाँले जानकारी दिए । मकवानपुर क्रिकेटका पूर्वकप्तान स्वर्गीय श्रेष्ठको ब्लड क्यान्सरका कारण उपचारको क्रममा २०७५ सालमा निधन भएकोथियो । जिल्लाको क्रिकेट विकासमा श्रेष्ठले दिएको योगदानको कदर गर्दै उनको स्मृतिमा प्रतियोगिता गरिएको जिल्ला अध्यक्ष क्षेत्रीले बताए ।


## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरूः



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-५, पिप्ले, मकवानपुर

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९



## सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



"Education is the real treasure"

25 Years of Excellence in Education

Celebrating Silver Jubilee

26 days to go

HETAUDA ACADEMY

Residential Secondary School

Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal

057-525548 057-525547 057-523547

www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

साझाकुरा

## हाम्रो कुरा

# निराश बजेट खर्च, असारे विकासको पुनराबृत्ति

असारे विकासको मोडलबाट आजित भएका जनताले जुनसुकै ब्यवस्था ल्याएपनि सुधार नभएपछि निराश बन्नु बाहेक कुनै उपलब्धी हुन सकेको छैन । असार लागेपछि सडक कालोपत्रे गर्ने परम्परा कायमै छ । असारमा बजेट पारित भएपछि साउन र भौदौसम्म वर्षातले काम हुँदैन । असोज कात्तिक दसैं, तिहार, नेपाल सम्बत, छठ, ठूलो एकादशी जस्ता पर्वले काम गर्न दिँदैन । मंसिर पुसमा बल्ल छलफल सुरु गरी बोलपत्र, सूचना आब्हान गर्ने निर्णय गरिन्छ । माघ लागेपछि बोलपत्र सूचना प्रकाशन गरिन्छ । सूचना प्रकाशन भएपछि ३५ दिनको म्याद गुजार्न परिहाल्छ । चैतमा सम्झौता गर्ने काम हुन्छ । अनि बैशाखमा नयाँवर्ष मनाउने, जेठमा गर्मीले काम गर्न सकिन्न । असार लागेपछि हतारहतार काम गर्ने परम्परा नै भइसकेको छ । बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८०/८१ को ६ महिनामा करिब १७ प्रतिशत मात्रै बजेट खर्च गर्न सकेको छ । आर्थिक वर्षको पहिलो ६ महिनामा केवल १७ प्रतिशत बजेट खर्च गर्न पुससम्म बजेट खर्च निराशाजनक अवस्थामा रहेको बागमती प्रदेशमा पुन:असारे विकासको पुनरावृति देखिएको छ ।

असारे विकासको अन्त्य गर्ने प्रतिबद्धता जनाएको सरकारले व्यवहारमा उतार्न भने सकेको छैन । प्रदेश सरकारले चालू आवको साउनदेखि पुस मसान्तसम्म १७ प्रतिशतभन्दा कम बजेट खर्च गरेको हो । ६ महिनामा १६ दशमलव ९८ प्रतिशत अर्थात् १० अर्ब ६४ करोड ८० लाख एक हजार ४ सय ४४ रुपैयाँ मात्र बजेट खर्च गर्न सकेको हो । प्रदेशले चालु आवमा ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार रुपैयाँको बजेट ल्याएको थियो । चालु आवका लागि चालुतर्फ २६ अर्ब ७० करोड २७ लाख ६९ हजार रुपैयाँ, पुँजीगततर्फ ३५ अर्ब ५० करोड ६३ लाख ९ हजार र वित्तीय व्यवस्थातर्फ ५० करोड रुपैयाँ विनियोजन गरिएको थियो । प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले सार्वजनिक गरेको चालु आवको अर्धवार्षिक वित्तीय प्रगति विवरणअनुसार विनियोजित बजेटमा ६ महिनाको अवधिमा चालुको तुलनामा पुँजीगततर्फको शीर्षकको बजेट कम खर्च भएको तथ्यांक छ । चालुतर्फ विनियोजित बजेटमा २२ दशमलव ६७ प्रतिशत अर्थात् पाँच अर्ब ९९ करोड ६३ लाख ८९ हजार ३ सय ३२ रुपैयाँ र पुँजीगततर्फ १३ प्रतिशत अर्थात् चार अर्ब ६४ करोड ८५ लाख ८० हजार १ सय ७० रुपैयाँ गत पुस मसान्तसम्ममा खर्च भएको छ । मन्त्रालयका सूचना अधिकारी अर्जुन अर्यालका अनुसार चालु आवका लागि वित्तीय व्यवस्था तथा सेयर लगानीका लागि ५० करोड रुपैयाँ विनियोजन गरिएकोमा चालु आवको ६ महिना पूरा हुँदा अझै खर्च हुन सकेको छैन ।

प्रतिशतका आधारमा हालसम्म बढी प्रतिशत बजेट खर्च गर्नेमा प्रदेश व्यवस्थापिका, मुख्य न्यायाधीवक्ताको कार्यालय, प्रदेश लोकसेवा आयोग, स्वास्थ्य मन्त्रालय, श्रम, रोजगार तथा यातायात मन्त्रालय र प्रदेश नीति तथा योजना आयोग छन् । यी मन्त्रालय र कार्यालयमा अन्य मन्त्रालयको तुलनामा बजेट पनि थोरै बिनियोजन गरिएको थियो । अर्धवार्षिक वित्तीय प्रगतिविवरणअनुसार यी मन्त्रालय, आयोग र कार्यालयले २० प्रतिशतभन्दा बढी र २७ प्रतिशतभन्दा कम खर्च गरेका छन् । बागमती प्रदेशमा सबैभन्दा बढी विकास बजेट विनियोजन भएको भौतिक पूर्वाधार विकास मन्त्रालयका लागि विनियोजित चालुतर्फको बजेटको ३० दशमलव ६८ प्रतिशत अर्थात् १२ करोड ५० लाख ७१ हजार ७ सय ७५ रुपैयाँ खर्च भएको छ । स्थानीय तहका लागि विनियोजन गरिएको सात अर्ब ६५ करोड ४६ लाख ९६ हजार रुपैयाँमा हालसम्ममा ४० दशमलव २७ प्रतिशत बराबरको रकम निकासा भइसकेको छ । जुनसुकै ब्यवस्था आएपनि अवस्था उही भएपछि जनमानसमा निराशा आएको हो । कानूनको समस्या भए त्यसलाई सुधार गरी समयमै काम सम्पन्न गर्ने ब्यवस्था गर्नु जरुरी छ । बैशाखसम्ममा सम्पूर्ण काम सम्पन्न गरी जेठमा अनुगमन गर्ने र असारमा भुक्तानी दिने ब्यवस्था गरियो भने सहज हुनेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० माघ १० गते बुधबार २४ जनवरी २०२४ । चतुर्दशी, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४४ ने.सं. । सूर्योदय ६:५६, सूर्यास्त ५:३६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मानसिक सन्तोष हुनेछ | **तुला** | : अधुरा काम सम्पन्न हुनेछ |
| **वृष** | : धन प्राप्ति हुनेछ | **वृश्चिक** | : सवारी साधनबाट क्षति हुन सक्नेछ |
| **मिथुन** | : व्यापारमा नयाँ योजना बन्नेछ | **धनु** | : रिसाउने बानीले काम बिग्रनेछ |
| **कर्कट** | : कठिनाई कम हुनेछ | **मकर** | : नोकरीबाट असन्तोष बढ्नेछ |
| **सिंह** | : साथीभाइमा मनमुटाव हुनेछ | **कुम्भ** | : सोचेर अगाडि बढ्नुपर्ने देखिन्छ |
| **कन्या** | : नयाँ काम समय देखिन्छ | **मीन** | : धार्मिक कार्यबाट प्रगति हुनेछ |

# नेपाल र विश्व सन्दर्भमा लेनिनवादको भविष्य



✍ हरि रोका

२१ जनवरी २०२४ लेनिनको मृत्युको सय वर्ष पुगेको दिन । यो दिन लेनिनको मृत्युमा शोक मनाउने दिन होइन । न त लेनिनले सय वर्षअघि यस लोकलाई विरासतमा छोडेर गएको सोभियत संघको विघटनमाथि दु:ख मनाउ गर्ने नै । वास्तवमा लेनिनको वैचारिक लिगेसी र उनले नेतृत्व गरेको क्रान्तिकारी समाजवादको कहींकतै हाम्रा र हामी भन्दा पछिल्ला पिंढीका लागि औचित्य बाँकी छ/छैन भनेर विचार विमर्श गर्ने दिन हो ।

लेनिनलाई मन नपराउनेहरूको संसारमा ठूलो जमात छ । नेपालमा पनि छन् । उनीहरू लेनिनलाई सत्तोसराप गर्न र उनले नेतृत्व गरेको बोल्सेभिक पार्टी, उसको नेतृत्वमा सम्पन्न भएको क्रान्ति र त्यसपछि प्रेरणा स्वरूप विश्वव्यापी रूपमा भएका आर्थिक तथा सामाजिक न्यायका खातिर भएका स्वतन्त्रता सम्बन्धी आन्दोलनहरू, साम्राज्यवाद विरुद्धको मुक्ति आन्दोलन र उपलब्धिहरूलाई नामेट पार्न रुचाउनेहरूको बिगबिगी अहिले पनि उत्तिकै देखिन्छ ।

यसको एउटै मात्र मूल कारण हो पूँजीवादी मुलुक, तिनका शासक र चिन्तकहरूलाई अहिले पनि लेनिनको वैचारिक तथा व्यावहारिक क्रान्तिकारी विधि, रणनीति तथा सांगठनिक प्रस्तावनाले आतंकित तुल्याउने गर्छ । यो पूँजीवादीहरूको हकमा मात्र होइन, साम्राज्यवादी, अधिनायकवादी, सुधारवादी र नक्कली क्रान्तिकारीहरूको जमातमा समेत लेनिनको भूतले डर उत्पन्न गरिरहेको देखिन्छ ।

सन् २००८ मा इतिहासकार लार्स टि. लिअको महत्वपूर्ण पुस्तक 'लेनिन रिडस्कभर्ड : ह्वाट इज टु बी डन' प्रकाशित भयो । पुस्तक प्रकाशित भएसँगै एउटा असलियत कुरा पनि बाहिर आयो ।

त्यो थियो, वास्तवमा इतिहासकार लिअ सैद्धान्तिक, वैचारिक रूपमा भ्लादिमिर इल्विच लेनिनलाई गलत साबित गर्ने मनसाय र खेर अनुसन्धानमा निस्किएका थिए । तर अनुसन्धानको परिणामपछि भने उनी आफैं लेनिनबाट प्रभावित हुनपुगे ।

उक्त किताब समाजवादप्रति प्रतिबद्ध प्रकाशन मन्थ्ली रिभ्यू प्रेसले नै बाहिर ल्यायो । त्यसो त दोस्रो विश्वयुद्ध लगत्तै पहिलो शीतयुद्धकालीन समयमा उदारवादी, वाम-तथा दक्षिणपन्थी सुधारवादीहरू, अराजकतावादीहरू तथा कथित आमूल परिवर्तनकारी (र्‍याडिकल) हरूले लेनिनको बेइज्जत गर्न कुनै कसर छोडेका थिएनन् । लेनिनलाई अघिल्लो पुस्ताका ब्लांन्की, वाकुनिन जस्तो जालसाजकर्ता (कन्स्पिरेटर), अराजकतावादी देखाउन आजसम्म पनि प्रयत्न गर्नेहरूको कमी छैन । अर्थको अनर्थ लाग्ने, झुट र वास्तविक इतिहासलाई बंग्याउन रबर्ट सर्भिस (लेनिन अ पोलिटिकल लाइफका लेखक), ओरलाण्डो फिग्स (दि पिपुल्स ट्रेजेडीका लेखक) जस्ता नाम चलेका इतिहासकार समेत लागिपरेका थिए । अक्टुबर क्रान्तिलाई हुलमुलमा, जालसाजी गरेर जितेको, झुटमुटको क्रान्ति देखाउन लागिपरेको भनाउन पनि कसरत गरिएको थियो ।

अहिले पनि निकै ठूला ठेली प्रकाशित गरेर या बुकलेट निकालेर, वा कमिक्स (सचित्र) निकालेर लेनिन तथा उनको बोल्सेभिक पार्टीलाई अलोकतान्त्रिक, तानाशाहीको जगमा उभिएको बताउन र लेनिनलाई भिलेन बनाउन प्रयत्न गर्नेहरूको लर्को निकै लामो देखिन्छ ।

त्यसको अर्थ लेनिनबारे सत्यतथ्य लेख्नेहरूको अभाव छ भन्ने होइन । सन् २००८/०९ को विश्वव्यापी मन्दीपछि मार्क्सलाई खोजिए जस्तै लेनिनको खोजी गर्नेहरूको जमात पनि त्यत्तिकै बढिरहेको छ ।

सन् १९९० को सुरुवातमै लेनिनको नेतृत्वमा स्थापित हुन पुगेको सोभियत सत्ता ढल्यो । मुलुक नै विखण्डित हुनपुग्यो । उदारवादी र नवउदारवादी लेखक तथा र राजनीतिशास्त्रीहरूले सोभियत संघको विघटनपछि समाजवादको हार र पूँजीवादको जित भनेर अर्थ्याए । समाजवाद फेरि कहिल्यै नफर्कने घोषणा गरे । त्यसपछि लेनिनलाई सत्तोसराप गर्नेहरूमा पूर्वी युरोपेली र विघटित सोभियत संघकै शासकहरू पनि थपिए ।

लेनिनलाई होच्याउन नयाँ-नयाँ चलचित्रहरू पनि बनाइए । जस्तो गुडवाई लेनिन (२००३) । ती चलचित्रले पूर्वी युरोप र विघटित सोभियत गणराज्यहरूलाई खुइल्याउन र कम्युनिस्ट सपनालाई भ्रष्टीकरण गर्न ती सहयोगी नै देखिए । खासगरी लेनिनको विचार र लेनिनलाई र राक्षसीकरण गर्न नै त्यस्ता चलचित्रहरू निर्माण गरिएका थिए भन्ने बुझ्न गाह्रो थिएन ।

तर धेरै समय नबित्दै नवउदारवादी पूँजीवाद आफैं धराशायी हुँदै गयो । एकपछि अर्को दुर्घटनाहरू घट्दै गए । राष्ट्रहरू अर्थ-राजनैतिक समस्याले ग्रसित हुँदै गए । फेरि पहिलो समाजवादी क्रान्तिका वाहक लेनिनमाथि नयाँ शिराबाट खोज तथा अनुसन्धान सुरु भयो । उनका विचार र भावना, उनका कामगराइ र प्राप्त परिणामबारे नयाँ शिराबाट छानबिन तथा अन्वेषण गर्ने काम सुरु भएको छ ।

लेनिन जयन्तीमा हामीले लेनिनको विचार र कामका बारेमा छलफल गर्ने हो । कुनै एक व्यक्तिको पूजाअर्चना गर्न वा देवत्वकरण गर्ने होइन । हामीलाई व्यक्तिको व्यक्तित्व (पर्सनालिटी कल्ट) प्रति कुनै चासो राख्नुपर्ने आवश्यकता छैन । तर हामीलाई लाग्छ लेनिन मार्क्सवादलाई गहिरोसँग बुझेर, विश्व परिवेशलाई केलाएर, नयाँ-नयाँ विधि र प्रक्रिया तयार पारेर अगाडि बढेका थिए ।

उनले मार्क्सवादको कपी-पेष्ट गरेनन् वल्कि मार्क्सवादी सिद्धान्त र त्यसले बोकेको स्पिरिट बमोजिम त्यसको उन्नति र प्रगतिमा आफूलाई होमे । वास्तवमा राज्य र क्रान्ति, के गर्ने ? साम्राज्यवाद पूँजीवादको उच्च अवस्था जस्ता कीर्तिहरू त्यही स्पिरिटको उपज थिए । उनले आफ्नो जीवन नै क्रान्तिकारी परिवर्तनका लागि न्यौछावर गरेका थिए ।

लेनिन श्रमजीवी वर्ग खासगरी मजदुर र किसानको हितमा उनीहरूलाई संगठित गरी उनीहरूकै नेतृत्वमा जारशाही उखेलेर फ्याँक्न चाहन्थे । इतिहासकार लिअले 'लेनिन रिडस्कभर्ड : ह्वाट इज टु बी डन' शीर्षकको किताबमा लेनिनको समाजवाद प्राप्तिका लागि उनको प्रतिबद्धता बेजोड रहेको स्वीकार गरेका छन् ।

आम रूपमा लेनिन श्रमजीवी वर्गको संघर्ष गर्ने क्षमतामाथि पूर्ण विश्वास गर्दथे । सैद्धान्तिक रूपमा मार्क्सवादमा आधारित समाजवादी कार्यक्रममाथि प्रतिबद्धता भएको र पेशागत रूपमा होमिन सक्ने क्षमता भएको श्रमजीवीको पार्टी हुने हो भने राजनैतिक क्रान्ति सम्पन्न गर्न सकिन्छ भन्ने कुरामा लेनिनमा दृढ विश्वास थियो ।

### लेनिनको विचारमा मार्क्सवाद

सन् १८९० मा रूसमा पहिलो क्रान्ति हुन खोज्यो तर असफल भयो । इतिहासकार तामास क्राउजका अनुसार त्यस क्रान्तिले निम्नानुसार प्रश्नहरू खडा गर्‍यो ।

पहिलो, पूँजीवादको सीमा कति हो ? वैदेशिक प्रत्यक्ष पूँजी लगानीको सीमा कसरी निर्धारण हुन्छ ? यसैमा जोडिएर आउने कृषि पूँजीवादको जरो कता गाँसिन्छ ? जबकि रूसको दुई ठूला शहरहरूमा मात्र औद्योगिक करिडोर रहेको अवस्थामा औद्योगिक पूँजीवादको विस्तार कसरी हुन्छ ?

यी प्रश्नहरूले राजनीतिक रूपमा पनि अरू तीन आधारभूत प्रश्न खडा गरिदिएको थियो । पहिलो, तानाशाही राजतन्त्रको भविष्य अब के हुन्छ ? दोस्रो, रूसी आर्थिक विकासमा कृषि क्षेत्रको सुधारको प्रश्न कसरी हल हुन्छ ? र तेस्रो, औद्योगिक विकास र खेतीयोग्य जमिनको वितरणको राजनीतिक समाधान कसरी खोज्ने ?

वास्तवमा अन्तिम प्रश्नको आफूलाई क्रान्तिकारी दाबी गर्ने सबैले कार्यक्रमकै रूपमा उत्तर खोज्नुपर्ने अवस्था त्यस आन्दोलनले खडा गर्‍यो । यी माथि उठेका प्रश्नहरूमा गहिरोसँग घोत्लिन थालेपछि लेनिनको नरोदिनकसँगको नाता तोडियो । लेनिनले निकै ढिला गरी निर्वासनका बेला जोन ए. हवसनको 'दि इभोल्युशन अफ मोडर्न क्यापिटालिज्म' पढे । असल पूँजीवाद र खराब पूँजीवादको व्याख्याले उनलाई दिक्कै तुल्यायो । सन् १९०५ मा भएको रसियन क्रान्तिले मार्क्सवादीहरू र उदारवादीहरू बीच कित्ताकाट हुने गरी नाता तोडियो ।

खासगरी गणतन्त्रको स्थापना र लोकतान्त्रिक संघीय गणतन्त्र स्थापना गर्ने विषयमा मतभेद देखापरे । संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रजातान्त्रिक स्वतन्त्रतालाई अधिकारका रूपमा स्थापित गर्ने विषय, संविधानले ग्यारेन्टी गर्ने संसद् तथा श्रमिकले रोजगारीका लागि आठ घण्टा मात्र समय व्यतीत गर्न पाउनुपर्ने अधिकारको विषयमा उदारवादीहरूसँग मार्क्सवादीहरूको विमति रह्यो । यी यस्ता विषय थिए जसले प्रजातान्त्रिक क्रान्तिलाई समाजवादी क्रान्तिमा रूपान्तरण गर्न सकिन्छ भन्ने विषय प्रमुख भएर जोडिन्थे ।

जस्तो कृषि क्षेत्रको विकास सम्बन्धी मुद्दा, जमिन नभएकालाई खेतीयोग्य जमिन उपलब्ध गराउने कुरा, शिक्षा र स्वास्थ्यमा आम मान्छेको अधिकार स्थापित गर्ने विषय, समाजमा देखिएका सामाजिक तथा कानुनी भेदभाव, आत्मनिर्णयको अधिकारको विषय अथवा क्रान्तिकारी अधिनायकवाद स्थापित गर्ने विषय समाजका मुद्दा बनाउन उदारवादीहरू तत्पर भएनन् ।

यी यस्ता समस्याहरू थिए यसले नै त्यसवेला देशभित्र भएका पार्टीहरूसँगको सम्बन्ध वा दूरी तय पर्थ्यो । यसको अर्थ बुर्जुवाहरूको पक्षमा उभिने कि गरिब किसान तथा मजदुरको पक्षमा ? खासगरी समाजवादी पार्टीहरू कसको पक्षमा उभिने प्रश्न महत्वपूर्ण थियो ।

यो प्रश्न क्रान्ति कसको पक्षमा गर्ने या हुने मुद्दाहरूले सामाजिक जनवादी भनिने पार्टीहरूमै समेत विभाजन ल्याइदियो । यो प्रश्न वास्तवमा मार्क्सवाद रोज्ने कि उदारवाद रोज्ने भन्ने आजको प्रश्न त्यतिवेला पनि उठेको थियो ।

यी सबै विषयमाथि उब्जिएका प्रश्नहरूको उदारवादमा उत्तर नभेटिएपछि लेनिनले तत्कालीन सन्दर्भको उदारवाद र बर्नेष्टाइनको सुधारवादबाट आफूलाई अलग्याए । मार्क्सवादलाई आफ्नो (रूसी) सन्दर्भमा कसरी लागू गर्न सकिन्छ भनेर लागिपरे । मार्क्सवादको गहिरो अध्ययनपछि लेनिन समाजवाद आधुनिक बुर्जुवा पूँजीवादमाथि विद्रोह बोलेर नै आउने निधोमा पुगे । उनले रूसी पूँजीवादमा समाजवादका लागि संघर्ष गर्ने तीनवटा काम फेला पारे ।

पहिलो, मार्क्सको ऐतिहासिक भौतिकवादको मार्क्सवादी नियममा आधारित र हेर पूँजीवादको असमान विकासमा उब्जने अन्तर विरोधलाई बुझ्ने काम ।

दोस्रो, पूँजीवादभित्रका अन्तरविरोधलाई बुझेर राजनैतिक दलले आफ्नो शक्तिलाई क्रियाशील बनाउँदै क्रान्तिका योजनालाई आम आन्दोलनमा बदल्न कोसिस गर्नुपर्ने काम ।

तेस्रो, एकाधिकार पूँजीवाद तहगत जगमा खडा हुने साम्राज्यवादका क्रियाकलापलाई संश्लेषण गरी अगाडि बढ्ने काम । यी कामको जगमा उभिएर लेनिनले राजनैतिक अर्थशास्त्र तथा सामाजिक संरचनाबारे समाजशास्त्रीय कोणबाट स्थानीय परिस्थितिलाई बोध गर्ने र राजनीतिक क्रियाकलाप अगाडि बढाउने मौलिक प्रयत्न थाले ।

### विधि, संगठन र क्रान्ति

मार्क्सबाट लेनिनले सिकेको प्रमुख मन्त्र भनेकै 'क्रान्तिकारी बाटोबाट मात्र पूँजीवादलाई विस्थापित गर्न सकिन्छ' भन्ने विषय थियो । सन् १८९० यता लेनिनले पूँजीवादलाई विस्थापित गर्न कस्तो साधन, कस्तो विधि तथा कस्तो सांगठनिक शक्तिको आवश्यक पर्छ भन्ने ध्याउन्नमा समय खर्चिए ।

उनले पहिलो ध्याउन्न पूँजीवादलाई विस्थापित गर्न के गर्ने भन्नेमा खर्चिए । अर्थात् कस्तो पार्टी र कस्तो क्रान्तिका लागि कस्तो वर्गीय चेतना आवश्यकता पर्छ भन्ने विषय । सन् १८९० ताका सामाजिक जनवादीहरू बीचको छलफल बहस नै के गर्ने ? भन्ने नै माउ विषय बनेको थियो । र के गर्ने ? मार्क्सवादी बहसकै सह-उत्पादनका रूपमा उठेको थियो ।

एकतेरिना कुस्कोभा र सर्गेइ प्रोकोभिचले यस सन्दर्भमा एउटा पम्प्लेट सन् १८९९ मै निकालेका थिए । श्रमजीवी कामदार वर्गको आर्थिक मुद्दा र संघर्ष एकातर्फ र पार्टीहरूको राजनैतिक संघर्ष अर्कोतर्फ भइदिंदा के अप्ठेरो हुन्छ भन्ने बहस बर्नेष्टाइनको सुधारवादलाई जोडेर उठेको बहस नोट त्यस पम्प्लेटमा उद्धृत गरिएको थियो । लेनिनले सन् १९०२ मा अकस्मात् हुने जनविद्रोहमा सामाजिक जनवादीहरूको भूमिका के हुने ? जारको तानाशाहीलाई कसरी त्यो कामदार वर्गको जनविद्रोहमा केन्द्रित हुन सम्भव छ ? यो सामान्य अर्थतन्त्रको मुद्दा मात्र थिएन ।

मजदुरको जीवनयापनको प्रश्नसँग राजनीतिक तथा आर्थिक संरचनाको विश्लेषण या कार्यक्रम मार्फत सम्बोधन गर्नुपर्छ भन्ने लेनिनको मान्यता थियो । यो विषय तत्कालीन राज्यले समाधान नखोज्दा नै क्रान्तिले सम्बोधन गर्नुपर्ने हुन्थ्यो ।

लेनिनको पार्टी निर्माणको थेसिस वास्तवमा श्रमजीवी वर्गको वर्ग चेतनासँग जोडिएर आउँछ । उनको विश्लेषण अनुसार श्रमजीवी वर्ग वास्तवमा पूँजीवादी प्रणालीको एउटा कंक्रिट भाग हो । यदि श्रमिक वर्ग आफ्नो अधिकारको लागि चेतनशील हुनपुग्यो भने परिवर्तनलाई कसैले रोक्न सक्ने सम्भावना हुँदैन । तर लेनिनको विचारमा श्रमजीवी आफैं वा आफ्नै प्रयत्नमा मात्र चेतनशील हुनसक्ने सम्भावना रहन्न ।

लेनिनले श्रमजीवीको यो अवस्था पश्चिम युरोपमा एक वर्ष आप्रवासनमा बस्दा महसुस गरेका थिए । किनभने आम श्रमजीवीको ध्यान पूँजीवादका अनेकन् विज्ञापन, प्रोपोगण्डा तथा समाचारहरूले अन्यत्रै बरालिदिन्छन् । त्यसैले उनी के निचोडमा पुगेका थिए भने 'एउटा क्रान्तिकारी आन्दोलन, क्रान्तिकारी दर्शनको अभावमा उठ्न सम्भव हुँदैन' ।

मुलुकका दैनन्दिनको हर किसिमका घटनालाई आफूखुसी प्रचार गरेर नराम्रोलाई राम्रो बताउन राज्य र पूँजीपति वर्ग लागिपर्छन् । असत्यलाई पनि सत्य साबित गर्न खोज्छन् । जसको मुख्य लक्ष्य आफू विरुद्ध हुने सम्भावित विद्रोहलाई टाल्नु हो ।

त्यसैले संगठनका अनेकन् मोर्चा हुन आवश्यक हुन्छ खासगरी खुलापन, पारदर्शिता एकातर्फ हुनुपर्छ भने अर्कोतर्फ रणनीतिक तथा गोपनीयता संगठनको अर्को पाटो बनाइनुपर्छ । लेनिनको यो द्वैधतालाई लिएर विपक्षीले जालसाजी भनेर पनि अर्थ्याए । तर लेनिनले एक स्टेप अगाडि, दुई स्टेप पछाडि मार्फत आवश्यकताका रूपमा व्याख्या गरेका छन् ।

वास्तवमा एउटा क्रान्तिकारी पार्टीका लागि आफ्नो ठिक विपरीत सोच र विचार राख्ने प्रति-क्रान्तिकारीको क्रियाकलाप र रणनीति जान्न आवश्यक हुन्छ । अर्को अर्थमा आफैंले शिक्षा ग्रहण गर्ने, सिक्ने र सिकाउने सांगठनिक पाटो हो भन्ने लेनिनको मान्यता देखिन्छ । लेनिनको यो मनसायलाई जर्ज लुकासले 'हिस्ट्री एण्ड क्लास कन्सियसनेस' मा राम्ररी व्याख्या गरेका छन् ।

'अन वार' का लेखक कार्ल भन क्लजविट्ज नेपोलियनले बनाएको युद्ध रणनीतिबाट अत्यधिक प्रभावित थिए । मिलिटरी शक्ति कसरी बन्छ ? खास केका लागि बनाइन्छ ? लेनिनले भने कार्ल विट्जलाई महत्व दिएर पढेका थिए र राज्यका लागि सेना किन अपरिहार्य हुन्छ भन्ने थाहा पाएका थिए । उनले युद्ध सम्बन्ध र संगठनबाटै सिकेर एउटा रूपान्तरण गर्ने पार्टीका लागि क्रान्तिकारी युक्ति र रणनीति निर्माण गर्नुपर्ने ठाने ।

युक्तिले वर्ग संघर्षको एउटा निश्चित अवयवको मूल्यांकन गर्न सघाउँछ । त्यसले अल्पकालीन समयमा कोसँग सम्बन्ध र कोसँग दूरी तय गर्ने भन्नेलाई खुट्याउन सिकाउँछ । जस्तो पार्टीको ट्रेड युनियन ब्राञ्चले के गर्ने, संसद् फाँटले के गर्ने वा किसान संगठनले के गर्ने भन्ने अनेकन् मुद्दामा संघर्षको युक्ति सिकाउँछ । क्रान्तिकारी रणनीतिले सबै युक्तिहरूको गठजोड मिलाएर समष्टिमा रणनीति तय गर्छ । यही रणनीति माथि टेकेर गरिने क्रान्तिले श्रमजीवी शक्तिलाई विजयी तुल्याउँछ ।

युक्तिहरूको गठजोड र क्षमता मापन गरेर बनाइएको रणनीति मार्फत नै लेनिनले मार्क्सवादलाई विज्ञानबाट कलामा उतारेका थिए । मार्क्सवाद विज्ञानमा आधारित भएतापनि उपयुक्त क्रियाकलापका लागि निर्देशित गर्ने विज्ञानमा रूपान्तरण गर्न आवश्यक थियो । र त्यसका लागि कला आवश्यक हुन्थ्यो । वास्तवमा विज्ञानले अस्तित्वमा रहेको पदार्थलाई मात्र स्वीकार्छ तर कलाले कसरी ठोस रूपमा कार्यान्वयन गर्ने भन्ने पाठ पढाउँछ ।

लेनिनको योगदान भनेको मार्क्सवादलाई कलाको रूपमा विकास गर्नुलाई मान्न सकिन्छ । लेखक तथा इतिहासकार टोनी क्लिफ लेख्छन्, 'मार्क्सले पहिलो अन्तर्राष्ट्रियमा भाग नलिई मृत्युवरण गरेको भए पनि यतिबेला पनि मार्क्सलाई सम्झिइन्थ्यो ।'

यदि लेनिनले वोल्सेभिक पार्टी नबनाएको भए र सन् १९०५ र १९१७ मा क्रान्ति नगरेको भए तथा तेस्रो अन्तर्राष्ट्रिय नबनाएको भए लेनिनलाई सम्झनुपर्ने कारण बाँकी रहन्थेनन् । वास्तवमा सिद्धान्तलाई व्यवहार मा उतार्ने र विज्ञानलाई कलामा उतार्ने कामका कारण मार्क्स सँगसँगै लेनिनको नाम पूरककै रूपमा आउने गर्छ ।

### राष्ट्रिय राज्य तथा राज्य र क्रान्तिको प्रश्न

आन्तरिक अन्तरविरोध खासगरी पूँजीवादी एकाधिकारवाद विद्रोहको एकमात्र कारण हुन्थ्यो भने आपसी अन्तरविरोधकै कारण विभाजनमा गएर पूँजीवाद ध्वस्त हुन्थ्यो ।

यद्यपि यो थ्यौरीलाई अझ स्पष्ट पार्न सन् २०१३ मा रोजा लक्जेमवर्गको खोज तथा अनुसन्धानमा आधारित 'दि एकुमुलेशन अफ क्यापिटल' पुस्तक बहसमा आयो । यो पुस्तकले संसारमा अर्थतन्त्रमा पूँजीको सञ्चिति गरिन्छ वा हुन्छ र विश्वव्यापी रूपमा कसरी पूँजीवादीकरणका लागि विस्तार हुन्छ भन्ने विषयमा विशद व्याख्या पस्किएको छ । संसारभर वर्गीय शोषण तथा उत्पीडन हुन्छ र क्रान्तिकारी सर्वहारा वर्गको तागत बढ्छ र पूँजीवादभित्र अन्तरविरोध बढेर त्यो शक्ति विभाजित हुन्छ भन्ने तथ्य यसले छर्लंग्याएको छ ।

तर लेनिन भने पूँजीवादमा विभाजन होइन पूँजीवादको समग्रमा अन्त्यको पक्षपाती बन्न पुगे । किनकि पूँजीवादलाई विश्वव्यापी रूपमा जोड्ने आजको जस्तो संगठित रूप (जस्तो जी-७, जी-२० वा नाटो आदि) नभए पनि धेरैवटा धागोका गुच्छाहरू उपलब्ध थिए ।

सन् १९१४ मा लेनिनको जीवनमा सबैभन्दा ठूलो पीडादायी क्षण देखा पर्‍यो जुन दिन जर्मन सोसियल डेमोक्रेटिक पार्टीले पहिलो विश्वयुद्धमा जर्मन संसद् राइखस्ट्यागमा जर्मन साम्राज्यको पक्षमा युद्ध गर्नका लागि आफ्नो समर्थन रहेको भनेर भोट खसाल्यो ।

उक्त पार्टी युरोपमै सबैभन्दा ठूलो मजदुरहरूको भ्याङ्गगार्ड पार्टी मानिन्थ्यो । उसले पटक-पटक युद्धको विरोधमा भोट गर्ने प्रतिबद्धता जनाएको थियो । उनीहरूले युद्धको पक्षमा भोट नखसालेका भए विश्वको समाजवादी आन्दोलनको स्वरूप नै भिन्न रूपमा विस्तार हुने सम्भावना त्यसबेलाको युरोपमा आकलन गरिएको थियो ।

यो झट्काले लेनिनलाई 'राज्य के हो' ? भन्ने प्रश्नमा उल्झाइदियो र त्यसलाई भित्रदेखि नै बुझ्न प्रेरणा जगाइदियो । तपाइँ हामीलाई पनि लाग्छ अहिले पनि, 'राज्य एउटा स्वतन्त्र र निष्पक्ष संस्थाका रूपमा खडा हुनुपर्छ ।' सर्वसाधारण सबैको हक र हितमा (common good and common interest) राज्य उभिनुपर्छ । के राज्य निष्पक्ष हुन्छ त ? यस सम्बन्धमा मार्क्स, एंगेल्स र लेनिनका तर्कमा कुनै विवाद देखिंदैन । राज्यविहीनताको अवस्थामा बाहेक अरू उत्पादन पद्धतिमा राज्य न्युट्रल रहँदैन । उनीहरूको निचोड देखिन्छ । त्यसैले पूँजीवादी विश्वमा त झन् राज्य सर्वसाधारणको हित (कमन गुड) मा उभिंदैन । किनभने वर्गीय समाजमा वर्गै पिच्छे सामाजिक पक्षधरता एकअर्का विरुद्ध देखा पर्छन् ।

अर्थात् उत्पादनका साधनमाथिको स्वामित्व जसको हातमा हुन्छ धन आर्जन पनि उसैले गरिरहेको हुन्छ । ऊ आफूमा निहित स्वामित्व छोड्न लाग्दैन बरु सुरक्षा गर्ने उपाय खोज्नतर्फ लाग्छ । शोषित हुने र शोषण गर्ने बीच मतभेद तीव्र बन्छ, बन्न सक्छ । तर गृहयुद्ध हुने गरी वा आपसमा भिड्ने गरी मतभेद बढ्न नदिन एउटा स्पेसल अथोरिटी खडा गरिएको हुन्छ जसलाई 'राज्य' भनिन्छ ।

लेनिनको विचारमा त्यो स्पेसल अथोरिटीले कुनै पनि वर्गसँग सामेल नभएको तर राज्यप्रति लोयल हुने सैन्यशक्ति संस्थागत रूपमा खडा गर्छ । तर राज्य आफैं भने वर्गीय हुन्छ । पूँजीपति र धनाढ्य वर्गको पक्षधर वा माथि उल्लेख गरिए झैं उत्पादनका साधनहरूमाथि कब्जा जमाएर बसेको शक्तिको पहरेदारको रूपमा राज्य खडा हुन्छ ।

त्यसैले राज्यले मौका पर्दा वा त्यो वर्गको हितार्थ सैन्य शक्तिको उपयोग गर्छ । यो अनौठो हुँदै होइन । ऐतिहासिक तवरमै राज्य सञ्चालन गर्न चाहिने खर्च सेना पाल्न होस् या पुरेत वा शासकहरू पाल्न, कर उठाउन राज्यले धनाढ्य पूँजीवादीहरूकै पक्षपोषण गर्छ । किनकि ऊ त्यही वर्गको प्रतिनिधि पात्र हो । परिभाषित कुरा के हो भने राज्य एउटा वर्गले अर्को वर्गलाई दबाउने साधन नै हो र हुने गर्छ । लेनिनले गरेको अन्तिम तर्क के छ भने, समाजवादीहरूले राज्यमाथि जित हासिल गरेपछि उनीहरूले पनि वर्गीय पक्षधरता अनुरूप मजदुर र किसानकै अर्थात् श्रमजीवी वर्गकै मुक्तिका खातिर राज्यलाई उपयोग गर्ने गर्छन् अलि बेगल ढंगले ।

*(साभार: अनलाइनखबर)*

# बिदामा स्थानीय तहको मनपरी

काठमाडौं/भारतको अयोध्यामा निर्मित राममन्दिरको प्राण प्रतिष्ठा गरिएको दिन सोमबार भारतको केन्द्रीय सरकारले आधा दिन सार्वजनिक बिदा दिँदा नेपालका कतिपय स्थानीय तहहरुले पूरै एक दिन नै सार्वजनिक बिदा दिएका छन् ।

कपिलवस्तुका कपिलवस्तु नगरपालिका, शिवराज नगर पालिका, कृष्णनगर नगरपालिका, महाराजगञ्ज नगरपालिका, मायादेवी गाउँपालिका, शुद्धोधन गाउँपालिका, यशोधरा गाउँपालिका र विजयनगर गाउँपालिका, सप्तरीको राजविराज नगरपालिकामा सोमबार सार्वजनिक बिदा छ ।

यही अवसरमा रूपन्देहीका लुम्बिनी सांस्कृतिक नगरपालिका, सिद्धार्थनगर नगरपालिका, रोहिणी गाउँपालिका, ओमसतिया गाउँपालिका, मायादेवी गाउँपालिका र गैडहवा गाउँपालिकामा पनि बिदा छ ।

यतिसम्म कि रूपन्देहीको मायादेवी गाउँपालिकाको ३ नम्बर वडा कार्यालयले पनि विदाको घोषणा गरेको छ ।

हिजोआज आफ्नो स्थानीय तहभित्र सार्वजनिक बिदा दिन पाउने अधिकार गाउँपालिका तथा नगरपालिकाहरुलाई छ । तर यो अधिकारलाई स्थानीय तहहरुले सही ढंगले उपयोग नगरेको टिप्पणी हुने गरेको छ ।

गत १ माघमा मनाइने माघे संक्रान्ति पर्वका लागि बाग्लुङको निसीखोला गाउँपालिकाले २ र ३ गते पनि स्थानीय विदा दियो ।

माघेसंक्रान्तिका अवसरमा संघीय सरकारले १ गते बिदा दिएको छ, तर सो गाउँपालिकामा दिइएको थप दुई दिन सार्वजनिक बिदाका कारण ३ दिनसम्म सरकारी कार्यालय, शिक्षण संस्था, बैंक तथा वित्तीय संस्था पनि बन्द रहे ।

गएको क्रिसमसमा मकवानपुरको राक्सिराङ गाउँपालिकाले ३ दिन सार्वजनिक बिदा दियो । गाउँपालिकामा इसाई धर्मावलम्बीहरुको बाक्लो बसोबास रहेको भन्दै क्रिसमस मनाउन ८, ९ र १० पुसमा स्थानीय विदा दिइएको थियो ।

पर्वका अवसरमा मात्रै होइन गाउँमा विशिष्ट व्यक्तिहरु आउँदा र गाउँपालिकाका पदाधिकारीहरुको आफन्तको मृत्यु हुँदासमेत सार्वजनिक बिदा दिएको पाइएको छ । रामेछापको सुनापाति गाउँपालिकाले १९ पुसमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड भवन उद्घाटन गर्न आउँदा पनि सार्वजनिक बिदा दिने सूचना निकाल्यो । सार्वजनिक



ए.आई. निर्मित तस्वीर

आलोचना भएपछि प्रधाननमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको निर्देशनमा पुन: बिदा हटाइएको अर्को सूचना निकालिएको थियो ।

संविधान दिवसको अवसरमा गत ४ असोजमा काभ्रेको मण्डनदेउपुर नगरपालिकाले नवनिर्मित भवनबाट सेवा प्रवाह सुरु गर्‍यो । तर त्यसपछिका तीन दिन भने कर्मचारीलाई थकाइ मार्नका लागि भन्दै सार्वजनिक बिदा दियो । नयाँ कार्यालय सञ्चालनका लागि तीन दिनदेखि व्यवस्थापनमा खटिएका कर्मचारी र जनप्रतिनिधि थकित भएको भन्दै स्थानीय विदा दिएको थियो । १० असोजमा ताप्लेजुङको आठराई त्रिवेणी गाउँपालिकाकी उपाध्यक्ष शान्ताकुमारी आङबुहाङका बाबु दिलबहादुरको निधन हुँदा गाउँपालिकाले शोक बिदा दिएको थियो ।

गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराई स्थानीय सरकारले स्थानीय जातजाति र धार्मिक समुदाय बहुल क्षेत्रमा उनीहरुले मान्ने जात्रा र पर्वमा बिदा दिँदै आएको बताउँछन् । तर कस्तो अवसरमा बिदा दिन पाइने र नपाइने भन्ने स्पष्ट व्यवस्था नभएको उनको भनाइ छ ।

'स्थानीय तहले सरकारको हिसाबले बिदा दिन सक्छन्, तर जति पनि र जस्तोसुकै अवसरमा पनि दिन सकिन्छ भन्ने हैन, यो पालिकाहरु आफैंले विचार गर्नुपर्ने विषय हो' उनी भन्छन्, 'स्थानीय तहले वर्षमा एक दिन मात्रै स्थानीय बिदा दिनुपर्ने हो, तर धेरै दिन दिएको सुन्छौं ।'

सरकारी अधिकारीहरु पछिल्लो समयमा पालिकासँग असम्बन्धित विषयमा बिदा दिनेदेखि बिदा दिनै नपर्ने दिनमा समेत आफूखुशी बिदा घोषणा गर्ने क्रम बढेको बताउँछन् । यतिसम्म कि भेगीय हिसाबमा पर्व नै नरहेका दिनमा समेत बिदा दिने गरिएको छ ।

सरकारले हरेक शनिबार साप्ताहिक रुपमा सार्वजनिक बिदा दिने गरेको छ । शुक्रबार आधा दिन बिदा हुन्छ । सरकारले २०८० सालमा विभिन्न चाडपर्व, दिवस र जन्मजयन्तीमा ३५ दिन देशभर लागू हुने गरी सार्वजनिक बिदा घोषणा गरेको छ । तर, सर्वोच्च अदालतले जनयुद्ध दिवसको विदा खारेज गर्न आदेश दिएकाले त्यो संख्या ३४ मा झर्ने देखिन्छ ।

देशभर लागू हुने यस्तो सार्वजनिक बिदाबाहेक काठमाडौं उपत्यकामा गाईजात्रा, घोडेजात्रा, मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा र इन्द्रजात्रामा सार्वजनिक बिदा दिइन्छ । देशभर महिलाहरुका लागि तिज र जितिया पर्वमा बिदा दिने गरिन्छ । फाल्गुनन्द जयन्ती, गुरु नानक जयन्ती र मोहम्मद जयन्तीमा सम्बन्धित समुदायलाई बिदा दिइन्छ ।

तर, यी बाहेक स्थानीय तह र प्रदेशहरुले विभिन्न अवसरमा सम्बन्धित प्रदेश र स्थानीय तहमा सार्वजनिक बिदा दिने गरेका छन् । शनिबारसहित सरकारले दिने विदाको संख्या नै करिब १०० दिनको हाराहारीमा छ ।

स्थानीय समुदायको मन जित्नका लागि बिदा दिने प्रचलन पछिल्लो समयमा राजनीतिक उद्देश्यले समेत प्रेरित हुन थालेको संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयका अधिकारीहरु बताउँछन् । 'स्थानीय बिदासँग भोटको राजनीति पनि जोडिएको छ, कतिपय अवस्थामा स्थानीय समुदायलाई आफ्नो पक्षमा राखिरहने मनाशय पनि देखिन्छ,' मन्त्रालयका एक अधिकारीले भने, 'जेजस्तो भएपनि स्थानीय तहले जहिलेसुकै र जतिसुकै बिदा दिए हुन्छ भन्ने सोच देखाएका छन्, यसलाई सच्याउन जरुरी भइसक्यो ।'

पूर्व सचिव पूर्णचन्द्र भट्टराई विकसित देशमा पनि वर्ष दिनमा १५ दिनभन्दा बढी सार्वजनिक विदा दिने चलन नभएको बताउँछन् । संघीय सरकारले दिने बिदा नै धेरै भएको अवस्थामा प्रदेश र स्थानीय तहले समेत दिने बिदाले सार्वजनिक बिदा अधिक बनेको उनको भनाइ छ ।

बिदाका दिन सरकारी तथा सार्वजनिक सेवा ठप्प हुन्छन् । संघीय सरकारले दिने बिदामाथि स्थानीय तहरुले पनि मनपरी ढंगले बिदाहरु थप्दा स्थानीय तहको शैक्षिक वातावरण खल्बलिने गरेको छ । स्वास्थ्य संस्थामा बहिरंगा (ओपीडी) सेवा बन्द हुँदा ठूलो संख्यामामा बिरामीहरु प्रभावित समेत हुन्छन् ।

'सार्वजनिक बिदा दिनु भनेको त्यो दिनको आर्थिक गतिविधि ठप्प राख्नुजस्तै हो, विकासशील मुलुकले बिदाको संख्या बढाउने गरी गरेको अभ्यास सच्याउनु उपयुक्त हुन्छ', पूर्वसचिव भट्टराई भन्छन्, 'सार्वजनिक बिदाले स्थानीय विकासमा कुनै योगदान गर्दैन, बरु सम्भावित प्रतिफल गुम्न पुग्छ ।'

स्थानीय तहरुले बिदा घोषणा गर्दा स्थानीय उद्योग कलकार खानाका बिदा लागू हुने/नहुनेबारे विवाद छ । अझ स्थानीय तहले दिएको बिदा सम्बिन्धत स्थानीय तहमा रहेका संघीय सरकार र प्रदेश सरकारका कार्यालयहरुले पालना गर्ने कि नगर्ने भन्ने अन्योल पनि छ ।

संघीय मामिला तथा सामान्य प्रशसान मन्त्रालयका पूर्वसचिव समेत रहेका स्थानीय शासनविद् भट्टराई स्थानीय तहहरुले स्वनियमनमा बसेर स्थानीय तहमा बिदा दिने संस्कृति बसाल्नुपर्ने बताउँछन् । 'जति पनि र जस्तो सुकै अवसरमा बिदा दिनु उचित हुँदैन', उनले भने, 'स्थानीय तहले दिने दिने बिदा कसैले नियमन गर्नुपर्ने कुरा त होइन, तर अहिलेका कतिपय खराब अभ्यासका कारणले अब कतै न कतैबाट व्यवस्थापन गर्नैपर्ने विषय बन्यो ।'

विगतमा प्रदेशहरुमा पनि सार्वजनिक बिदा दिने सवालमा यस्तै अभ्यास देखिएको थियो । चैत २०७५ मा बसेको अन्तरप्रदेश समन्वय परिषदको बैठकमा संघीय सरकारले दिएकोबाहेक प्रदेश सरकारले थप ६ दिनसम्म बिदा दिनसक्ने व्यवस्था गर्ने सहमति जुटेको थियो ।

त्यसै अनुसार गृह मन्त्रालयले राजपत्रमा एक सूचना जारी गर्दै नेपाल सरकारले निर्णय गरी तोकेका सार्वजनिक बिदाका अतिरिक्त प्रदेश सरकारहरुले आ-आफ्नो प्रदेशमा प्रचलित धर्म, रितिस्थितिसमेतलाई दृष्टिगत गरी बढीमा ६ दिनसम्म बिदा दिन पाउने व्यवस्था गरेको थियो ।


नेपालको संविधान २०७२ ले स्थानीय सरकारलाई विभिन्न काम, कर्तव्य र अधिकारहरु तोकेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा सार्वजनिक बिदाबारे केही उल्लेख छैन । तर, बिदा दिन नपाइने भन्ने पनि उल्लेख नभएकाले स्वायत्त सरकारका रुपमा स्थानीय तहरुले स्थानीय बिदा दिने अभ्यास चलाइरहेका छन् ।

तर, एउटै पर्वमा ३ दिनसम्म स्थानीय बिदा घोषणा गरि रहेका स्थानीय तहहरुले त्यसलाई आफ्नो अधिकारका रुपमा व्याख्या गर्दै आएका छन् । स्थानीय शासनविद् भट्टराई सार्वजनिक बिदाबारे संघीय सरकारले निर्णय गर्दा स्थानीय तहले कति दिनसम्म बिदा दिन पाउने हो भन्ने तोकिदिनुपर्ने बताउँछन् ।

'राजपत्रमा नै स्थानीय तहलहरुले कति दिनसम्म थप स्थानीय बिदा दिने हो भनेर संघीय सरकारले तोकिदिंदा राम्रो हुन्छ,' उनले भने, 'सकेसम्म स्थानीय तहहरुले पनि औचित्य र आवश्यकता हेरेर स्थानीय बिदा दिने अभ्यास बसाल्नुपर्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# विदेशी फिल्मको कब्जामा नेपाली हल




काठमाडौं/गत मंसिर देखि नेपालका हलमा विदेशी फिल्मको दबदबा देखिएको छ । मंसिरमा 'एनिमल', पुषमा 'आक्वाम्यान २', 'डंकी', 'सलार', 'मेरी क्रिसमस', 'क्याप्टेन मिलर' जस्ता फिल्म रिलिज भए । यही शुक्रबारबाट साउथ फिल्म 'हनुमान' प्रदर्शन भैरहेको छ । विदेशी फिल्मको चुनौतीका बावजूद मंसिर र पुषमा नेपाली फिल्म रिलिज नभएका होइनन् । तर, कुनैले दर्शक आकर्षित नै गर्न सकेनन् ।

तिहार छेको पारेर गत कात्तिक अन्तिममा रिलिज भएको फिल्म 'दिमाग खराब'पछि मंसिर २९ गते 'जम्प' र 'दुई कदम' रिलिज भए । त्यसको तीन हप्तापछि अर्थात् पुष २७ गते 'चित्रा' र 'पर्खि बसें तिमीलाई' प्रदर्शनमा आएका थिए । तर, चारवटै नेपाली फिल्मलाई दर्शकको अभाव हुँदा हलमा एक हप्ता पनि टिक्न सकेनन् । जसले गर्दा अहिले नेपालका हलहरु विदेशी फिल्मले भरिभराउ छन् ।

यतिबेला देशका अधिकांश मल्टीप्लेक्समा भारतीय फिल्महरु 'हनुमान', 'डंकी', 'सलार', 'क्याप्टेन मिलर', 'मेरी क्रिसमस' र हलिउड फिल्म 'द बीकीपर' प्रदर्शन भैरहेका छन् । अर्थात् हलमा नेपाली फिल्मको नाम निसाना छैन । यो अवस्था अझै दुई हप्ता रहनेछ । किनकि, माघ २६ भन्दा अगाडि रिलिजका लागि कुनै नेपाली फिल्म छैनन् । माघ २६ मा भने 'हात्तीछाप' र 'दयारानी' आउँदैछन् ।

अब नेपालका हल व्यवसायीहरुलाई आशा भनेको यही २५ जनवरी अर्थात् बिहीबारबाट प्रदर्शनमा आउन लागेको ऋतिक रोशन र दीपिका पादुकोण अभिनीत बलिउड फिल्म 'फाइटर' हो । ट्रेलर रिलिजपछि चुलिएको चर्चा हेर्दा नेपालमा पनि फिल्मको व्यापार आक्रामक हुने प्रक्षेपण गरिएको छ । माघ अन्तिमबाट भने ठूलो 'स्टारकास्ट' भएका नेपाली फिल्म रिलिजका लागि तम्तयार छन् ।

# 'कालो पोथी' निर्देशकको 'शाम्बाला' बर्लिन फिल्म फेस्टिभलमा छानियो

काठमाडौं/'कालो पोथी' निर्देशक मीन भामको दोस्रो फिचर फिल्म 'शाम्बाला' विश्वकै प्रतिष्ठित मानिने बर्लिन इन्टरनेशनल फिल्म फेस्टिभलमा छनोट भएको छ । फेस्टिभलको अन्तर्राष्ट्रिय विधामा फिल्म छनोट भएको डेडलाइनले उल्लेख गरेको छ । बर्लिनको यो विधामा छनोट हुने 'शाम्बाला' पहिलो नेपाली फिचर फिल्म हो । डेडलाइनका अनुसार, अन्तर्राष्ट्रिय विधामा २० वटा फिल्म छानिएका छन् ।

आगामी फेब्रअरी १५ देखि २५ सम्म जर्मनीको राजधानी बर्लिनमा हुन लागेको फेस्टिभलमा निर्देशक भाम सहभागी हुने जनाइएको छ । सोमबार राजधानीमा एक कार्यक्रमका बीच फिल्मको पोस्टर सार्वजनिक गर्दै बर्लिन फिल्म फेस्टिभलको 'लाइनअप' प्रत्यक्ष प्रशारण समेत गरिएको थियो । 'चिसो वर्ष' शीर्षकमा फिल्मको छायांकन पूरा गरेपछि निर्देशक भामले नाम परिवर्तन गरेका हुन् ।

उच्च हिमाली गाउँकी एक गर्भवती महिलालाई श्रीमानले



छोडेपछि आफ्ना देवरलाई लिएर उनको खोजीमा हिँडेको कथामा फिल्म आधारित छ । फिल्ममा निर्देशक भाम र अविनाशविक्रम शाहको लेखन रहेको छ । अविनाश तिनै हुन्, जसले निर्देशन गरेको सर्ट फिल्म 'लोरी'ले कान्स फिल्म फेस्टिभलमा ग्राण्ड जुरी पुरस्कार जित्न सफल भएको थियो । उनी 'कालो पोथी'का पनि लेखक हुन् ।

सुनी फिल्म्सको ब्यानरमा निर्माण भएको फिल्ममा थिन्ले ल्हामो, सोनम तोप्देन, तेन्जिङ डल्हा, कार्म शाक्य आदिको मुख्य भूमिका छ । गायक समेत रहेका सोनमले फिल्म 'सम्हालिन्छ कहिले मन'बाट डेब्यू गरेका थिए । 'शाम्बाला'मा उनी डोल्पाली युवकको भूमिकामा छन् । निर्माणअघि थुप्रै अन्तर्राष्ट्रिय 'फन्ड' जितेको यो फिल्म १४ करोडमाथिको लागतमा निर्माण भएको जनाइएको छ ।

# हेलो सरकारमा दर्ता भएका आधा गुनासो अलपत्र

काठमाडौं/सरकारी निकायहरुको कामकारवाही र सेवा प्रवाहबारे गुनासो र उजुरी गर्ने ठाउँ हो, हेलो सरकार । तर, नागरिकको समस्या समाधान गर्ने उद्देश्यका साथ प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमातहत चलिरहेको हेलो सरकारकै सेवा र प्रभावकारिता भने कमजोर बन्न पुगेको छ ।

हेलो सरकारको आर्थिक वर्ष २०७९/८०को वार्षिक प्रतिवेदनअनुसार गत वर्ष हेलो सरकारले ५० प्रतिशत अर्थात् आधा पनि गुनासो फर्स्यौट गर्न सकेन । गत आर्थिक वर्षमा ११ हजार ९३२ उजुरी र गुनासो दर्ता भएकोमा ५ हजार ८१२ वटा (४८.७ प्रतिशत) मात्रै फर्स्यौट भयो ।

एक वर्षका बीचमा २३ वटा मात्रै गुनासोहरु समाधान भए । हेलो सरकारका अनुसार २ हजार ८४५ वटा गुनासो प्रशोधनका क्रममा नै रहे भने २ हजार ३५० वटा गुनासो सम्बन्धित निकायबाट हेरे पनि कार्य प्रक्रियामा लगिएन । ९०२ वटा गुनासो सम्बन्धित निकायले हेर्नसम्म भ्याएनन् ।

जनताबाट आएका गुनासो हेलो सरकारले टिपेर सुधार र सम्बोधनका लागि निर्देशन दिने गर्छ । पछिल्ला वर्षमा 'हेलो सरकार'मा गुनासो गर्नेहरु पनि घटेका छन् भने उजुरी फर्स्यौटको दर र गति पनि कमजोर छ ।

प्रधानमन्त्रीको कार्यालयका अधिकारीहरुका अनुसार 'हेलो सरकार'मा आएका धेरै गुनासोहरुको सम्बोधन छिटो हुन नसक्दा जनताले उजुरी गर्ने क्रम नै निरुत्साहित छ । धेरैभन्दा धेरै गुनासोहरु लिएर त्यसको फर्स्यौटमा सम्बन्धित निकायलाई छिटो क्रियाशील गराउन सरकार असफल छ ।

गुनासो लिएर सम्बन्धित निकायलाई जानकारी गराएपछि त्यसको फर्स्यौट नभइन्जेल निरन्तर फलोअप हुँदैन । छिटो सम्बोधन भएर जनतालाई परेका समस्याहरु समाधान गर्न हेलो सरकारको प्रणालीले प्रभावकारी काम गर्न सकेको छैन ।

१९ कात्तिक, २०६८ मा तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईले सुरु गरेको हेलो सरकारको सेवम पछिल्लो समयमा खासै प्रभावकारी नभएको गुनासो जनस्तर बाटै उठिरहेको छ ।

प्रधानमन्त्री कार्यालयको शासकीय सुधार महाशाखा प्रमुख तथा सहसचिव डा. किरण रुपाखेती उजुरी फर्स्यौट नहुने समास्याहरुको पहिचान गरेर समाधानका लागि प्रयास भइरहेको बताउँछन् ।

'गुनासो र रुजरी संकलन पछि हामी सम्बन्धित निकायमा लेखेर पठाउँछौं, कति निकायले छिट्टै फर्स्यौट गर्नुहुन्छ, कतिले समय लगाउनुहुन्छ,' रुपाखेती भन्छन्, 'कहाँ-कहाँ के-को जटिलताले यो भइरहेको छ भनेर हामी ट्र्याकिङ गर्ने प्रयासमा छौं ।'

हेलो सरकारको वार्षिक प्रतिवेदनहरुमा सम्बन्धित निकायहरूमा पठाइएका गुनासो सम्बोधनका लागि निरन्तर फोन तथा पोर्टलमार्फत् ताकेता गर्ने गर्दा पनि अधिकांश मन्त्रालय तथा विभागहरूले गुनासो सम्बोधन नगरी फरवार्ड मात्रै गर्ने गर्दा समस्या भएको उल्लेख छ । गुनासो सुन्ने अधिकृतहरूको सरुवा तथा बढुवा हुनासाथ तत्काल अर्को अधिकृतलाई जिम्मेवारी दिएर पोर्टलमा अपडेट नगरिँदा पनि समस्या भएको अधिकारीहरु बताउँछन् । गुनासो सुन्ने अधिकृतहरूलाई कार्यान्वयनका लागि आवश्यक पर्ने 'लजिस्टिक सपोर्ट' उपलब्ध नहुने समस्या समेत छ ।

कतिपय प्राविधिक र अन्य व्यवस्थापकीय कारणले गर्दा अपेक्षित हिसाबले जनताका पीरमर्का तथा जनगुनासो र सुझावहरूको उचित सुनुवाइ भइरहेको छैन । जनताका गुनासोलाई समयमै सम्बोधन गरी सार्वजनिक सेवामा प्रभावकारिता ल्याउन गुनासो सुन्ने अधिकारीहरुको क्षमता विकास गर्दै सार्वजनिक निकायहरूसँग हेलो सरकार कक्षको समन्वयमा थप प्रभावकारिता ल्याइएको प्रधानमन्त्री कार्यालयको दाबी छ ।

यसकै आधारमा सरकारले गत १७ भदौदेखि हाल २ सिफ्ट (१६ घण्टा) मात्रै चलिरहेको हेलो सरकारको कल सेन्टरलाई अब ३ सिफ्ट (२४ घण्टा) नै विस्तार गरेको छ । यसले हरेक समयमा जनतालाई पर्ने समस्याहरु समाधानमा निरन्तर काम हुने अवस्था आएको कार्यालयका अधिकारीहरु बताउँछन् ।

गुनासोहरू फोन, इमेल, फेसबुक, ट्वीटर, पोर्टल, भाइबर, ह्वाट्स्एप लगायतका डिजिटल माध्यमबाट लिने गरिन्छ ।

*(स्रोत: अनलाइनखबर)*

# कोटा बढ्दा पनि किन ह्वात्तै घट्यो सुन आयात ?

काठमाडौं/मुलुकमा सुन आयात कोटा बढ्दा पनि भित्रिने परिमाणमा ठूलो गिरावट आएको छ । भन्सार विभागको तथ्यांकअनुसार गत आर्थिक वर्ष २०७९/८० को पहिलो ६ महिना (साउन-पुस) मा २९ अर्ब २० करोड रुपैयाँबराबर को सुन आयात भएको थियो ।

तर, चालु आव २०८०/८१ को पहिलो ६ महिना (साउन-पुस) मा भने आयात घटेर ११ अर्ब ८९ अर्बमा सीमित भएको छ । यसले सुन आयात झन्डै तीन गुणा कम भएको देखिन्छ ।

सरकारले कोभिड महामारीका बेला सुन आयात कोटा दैनिक १० किलोमात्र हुने गरी घटाएको थियो । त्यसलाई नेपाल राष्ट्र बैंकले गत असोजमा दैनिक परिमाण २० किलोमा पुर्‍याएको थियो । तर, परिमाण बढाउँदा पनि सुन आयात भने बढ्न सकेन ।

### आखिर किन बढ्न सकेन त सुन आयात ?

नेपाल सुनचाँदी व्यवसायी महासंघ अध्यक्ष माणिकरत्न शाक्य उपभोग घट्दा आयातमा गिरावट आएको बताउँछन् । 'कोभिडपछि सुनमा हुने लगानीमा कमी देखिएको छ,' शाक्य भन्छन्, 'यो माघ महिना हो नि, तर पनि व्यापारमा उत्साह छैन ।'

यसबीच सहकारी तथा लघुवित्तमा जनताको पैसा फसेका कारण समेत सुनमा आउने लगानी अपेक्षित आउन नसकेको उनको भनाइ छ । कोभिड महामारीलगत्तै विदेशी मुद्रा सञ्चिति घट्न थालेसँगै सरकारले आयात कडाइ गर्न भन्दै सुनको कोटा घटाएको थियो । तर, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सिफारिसमा राष्ट्र बैंकले दैनिक आयात कोटा १० बाट २० किलो बनाएको थियो ।

### महंगो मूल्य

सोमबार सुनको भाउ तोलाको १ लाख १८ हजार ४ सय रुपैयाँमा कारोबार भइरहेको छ । महासंघ कार्यवाहक महासचिव किरणभाइ बज्राचार्यका अनुसार मध्यपूर्वमा चर्किएको द्वन्द्वसँगै अन्तर्राष्ट्रिय लगानीकर्ताले सुनलाई सुरक्षित लगानीको क्षेत्रका रूपमा लिँदै लगानी बढाइरहेका छन् ।

यसले सुनको भाउमा निरन्तर चाप देखिएको छ । नेपाली बजारमा चालु आर्थिक वर्ष सुरु भएदेखि नै सुनको भाउ अकासिएको छ । उपभोक्ताको क्रयशक्ति घट्नु र बजार मूल्य अकासिनुले सुन आयात घटाउन मुख्य भूमिका खेलिरहेको महासंघ अध्यक्ष शाक्य बताउँछन् ।

### तस्करी सुनको हात कति ?

नेपाल प्रहरीले स्थलदेखि हवाई मार्गबाट ठूलो परिमाणमा अवैध सुन बरामद गरिरहेको छ । सुनको वैधानिक आयात घट्नुमा चोरीको सुन बजारमा सहजै उपलब्ध हुनुलाई समेत एक कारण मानिएको छ ।

सरकारले केही समयअघि झिटीगुन्टामा मात्र कडाइ गरी दैनिक २१ किलोसम्म सुन बरामद गरेको थियो । विदेशबाट आउने नागरिकबाट समेत स-सानो परिमाणमा सुन भित्रिँदा त्यसले वैधानिक आयात निरुत्साहित बन्ने गरेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'अगस्त्य'मा चाँदनी बनिन् मलिका, सौगातसँग देखिइन् रोमान्टिक






काठमाडौं/अभिनेत्री मलिका महतलाई चाँदनीको रुपमा चिनाउँदै फिल्म 'अगस्त्य: च्याप्टर वान'को चौंथो चरणको पोस्टर सार्वजनिक गरिएको छ । सोमबार सार्वजनिक दुईवटा क्यारेक्टर पोस्टरमा मलिका साधारण र हँसमुख युवतीको रुपमा चित्रित छिन् । एक पोस्टरमा उनी अभिनेता सौगात मल्लसँग रोमान्टिक भावमा देखिएकी छन् । यसले फिल्ममा उनीहरुको जोडी बाँधिएको स्पष्ट संकेत गर्छ ।

सौगातको भने यसअघि नै क्यारेक्टर पोस्टर सार्वजनिक भैसकेको छ, जसमा उनी दुई फरक अवस्थामा देखिएका छन् । मानसिक सन्तुलन गुमेको चरित्रमा उनको लुक्सले फिल्मप्रति दर्शकमा चासो बढाएको छ । फिल्मलाई सौरभ चौधरीले निर्देशन गरेका हुन् । यो फिल्मलाई उनले आफ्नो 'डू एन्ड डाई'को रुपमा लिएका छन् । यसअघि उनले फिल्म 'लभ डायरीज'को निर्देशन गरेका थिए । निर्देशक चौधरी स्वयंको लेखन रहेको फिल्ममा नाजिर हुसेन, प्रमोद अग्रहरी, विजय बराल, रवीन्द्र झा लगायतको पनि अभिनय छ भने अभिनेता निश्चल बस्नेत केमियो भूमिकामा देखिँदैछन् । आगामी फागुन १८ गते (मार्च १)बाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्ममा प्रकाश मल्ल, अनिष तामाङ र बिनोद पौडेल निर्मातामा छन् भने कार्यकारी निर्माता विश्व गौचन र अभिषेक चौधरी हुन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
Contact No. 9845292140,
057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# बागमती प्रदेशबाटै सवारी लाइसेन्स वितरणको तयारी

साझाकुरा संवाददाता

हेटौंडा, ८ माघ/सवारी लाइसेन्सको प्रिन्ट तथा वितरणको काम प्रदेशबाटै गर्ने गरी प्रक्रिया अघि बढाइएको छ । योसँगै लामो समयदेखि लाइसेन्सको समस्या भोग्दै आएका सेवाग्राहीले राहत पाउने आशा गरिएको छ ।

राज्यले तोकेको शुल्क र प्रक्रिया पूरा गर्दा पनि १४ लाख ४० हजार जनाले अझै सवारीचालक अनुमतिपत्र (स्मार्ट कार्ड लाइसेन्स) पाएका छैनन् । एउटा सामान्य चिर्कुटको भरमा सवारी चलाएर गन्तब्यमा जानुपर्ने अवस्था रहेको छ । अब यो समस्याका लागि सातवटै प्रदेशले प्रिन्टर मेसिन खरिद गर्ने भएका हुन् । जसकारण अब बागमती प्रदेशबाटै सवारीलाइन्सेस वितरण हुने भएको छ । यातायात व्यवस्था विभागका महानिर्देशक उद्धवप्रसाद रिजालले लाइसेन्स वितरणको समस्या समाधानका लागि प्रदेशले प्रिन्टर र कार्ड खरिदको तयारी भइरहेको बताए ।





'सामान्य खालको लाइसेन्स प्रिन्टरलाई ५ लाख पर्ने रहेछ । १० लाख कार्ड किन्ने तयारी भएको छ । लाइसेन्स प्रिन्टमा प्रयोग हुने प्रतिकार्ड १५० रुपैयाँमा किन्न सकिने रहेछ । अहिले प्रयोगमा आएको कार्डभन्दा पनि सरल प्रकारको कार्ड हो । त्यो कार्डमा पैसा टपअप पनि गर्न मिल्छ । भने, अन्य ४० वटा जति एप पनि हाल्न सकिने रहेछ ।' उनले भने । प्रदेशले छाप्ने लाइसेन्समा अगाडि आफ्नो प्रदेशको नाम र प्रदेशले चाहेको फोटो प्रयोग गर्न सक्नेछ । पछाडिपट्टि संघ सरकारको नाम र लोगो हुनेछ ।

कर्णाली प्रदेशले लाइसेन्समा राराको फोटो हाल्ने तयारी गरिरहेको रिजालले बताए । मधेस प्रदेशले जानकी मन्दिरको फोटो हाल्नेछ । अहिले स्मार्ट लाइसेन्समा प्रयोग भएको कार्ड कन्ट्याकलेस कार्ड हो । भने, प्रदेशले किन्न लागेको कार्ड कन्ट्याकवाटा हो । यो कार्ड प्रयोग भएर बनेको लाइसेन्स सामान्य मोबाइल एपबाटै सबै विवरण हेर्न सकिने हुन्छ ।

# सप्ताहव्यापी कार्यक्रम गरेर सहिद दिवस मनाइँदै

साझाकुरा संवाददाता

हेटौंडा, ८ माघ/सहिद दिवस २०८० को सन्दर्भमा सप्ताहव्यापी कार्यक्रम घोषणा गरिएको छ । सहिदस्मारक विकास समिति हेटौंडा-११ ले शुक्रबार पत्रकार सम्मेलन गर्दै सप्ताहव्यापी कार्यक्रम घोषणा गरेको हो ।

समितिका सचिव रघुनाथ खुलालका अनुसार सप्ताहव्यापी कार्यक्रम माघ १० गतेबाट १६ गतेसम्म सञ्चालन हुनेछन् । सप्ताहव्यापी कार्यक्रमको पहिलो दिन माघ १० गते वुद्धको प्रतिमा अनावरण गर्ने कार्यक्रम तय भएको छ ।

माघ ११ गते कृषि, हस्तकला तथा पर्यटकीय वस्तुको प्रवर्द्धन मेला, माघ १२ गते वडास्तरीय नृत्य प्रतियोगिता, माघ १३ गते रक्तदान कार्यक्रम, माघ १४ गते वतृत्वकला प्रतियोगिता, माघ १५ गते सांस्कृतिक कार्यक्रम, पुरस्कार वितरण तथा शिक्षक खुलादौड प्रतियोगिता आयोजना गरिने उनले जानकारी दिए ।

माघ १६ गते सहिद दिवसको दिनमा प्रभातफेरी कार्यक्रम आयोजना गरिने भएको छ । सप्ताहको अन्तिम दिनमा स्मारक गेटबाट प्रभातफेरी सुरु हुनेछ भने श्रीचन्द्र शर्मा स्मृति सम्मान पुरस्कार वितरण गरिने खुलालले जानकारी दिए ।

# बागमतीमा एकैपटक ११ सय बढी कर्मचारी माग

साझाकुरा संवाददाता

हेटौंडा, ८ माघ/बागमती प्रदेशको लोकसेवा आयोगले ठूलो संख्यामा कर्मचारी माग गरेको छ । प्रदेश सरकारका मन्त्रालय र बागमती प्रदेशका स्थानीय तहका विभिन्न सेवा र समूहमा गरी एक हजार ११३ जना कर्मचारीका लागि आवेदन माग गरिएको हो ।

प्रदेश सरकारका मन्त्रालय र बागमती प्रदेशका स्थानीय तहका विभिन्न सेवा र समूहमा गरी एक हजार १ सय १३ जना कर्मचारीका लागि विज्ञापन भएको छ । आयोगका अध्यक्ष सुरेशमान श्रेष्ठले नेपालको लोकसेवा आयोगकै इतिहासमा सर्वाधिक संख्ययामा रिक्त दरबन्दीमा कर्मचारी पदपूर्तिका लागि विज्ञापन माग गरिएको जानकारी दिए ।

उनले यति धेरै संख्यामा लोकसेवा आयोगले पहिलोपटक कर्मचारी पदपूर्तिका लागि विज्ञापन गरेको जानकारी दिए । प्राविधिक, अप्राविधिक र स्वास्थ्य समूहका पाँचौं तहका कर्मचारी पदपूर्तिका लागि विज्ञापन भएको छ ।

# खाद्य अधिकृत श्रेष्ठ कार्यकक्षमै कुटिए, कार्यालय सहयोगीका श्रीमान पक्राउ






साझाकुरा संवाददाता

हेटौंडा, ८ माघ/औद्योगिक क्षेत्रस्थित खाद्यप्रविधि तथा गुणनियन्त्रण कार्यालय हेटौंडाका प्रमुख डा. क्षितिज श्रेष्ठमाथि कुटपिट भएको छ ।

कार्यकक्षमै रहेको समयमा श्रेष्ठमाथि आइतबार दिउसो कुटपिट भएको हो । कार्यालय सहयोगी शोभा पोडेका श्रीमान् रमेश पोडेले श्रेष्ठमाथि कुटपिट गरेको मकवानपुर प्रहरीले जानकारी दिएको छ । आफूमाथि कार्यकक्षमै कुटपिट भएको भन्दै बरिष्ठ खाद्य अनुसन्धान अधिकृत डा. श्रेष्ठले पोडेसहित ४ जना कुटपिटमा संलग्न भएको भन्दै जाहेरी दिएका छन् ।

प्रहरीले आरोपित पोडेलाई आइतबार नै पक्राउ गरेको हो । श्रेष्ठमाथि कुटपिटमा संलग्न अन्य ३ जना भने फरार रहेको मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । 'उनीहरुलाई पनि खोजिरहेका छौं ।' भण्डारीले भने । आरोपित पोडेलाई प्रहरीले जिल्ला अदालत मकवानपुरबाट ७ दिनको म्याद थप गरेको छ । कुटपिटबाट डा. श्रेष्ठको आँखा नजिक सुन्निएको छ ।

कार्यालय सहयोगी शोभालाई करार सेवाबाट निकालेको घटनाले श्रेष्ठसँग कार्यकक्षमै विवाद भएको थियो । खाद्यप्रविधि तथा गुणनियन्त्रण कार्यालय हेटौंडामा विगत १८ वर्षदेखि आफू करार सेवामा काम गर्दै आइरहेको कार्यालय सहयोगी पोडेले जानकारी दिएकी छन् । उनको गत असोजमै करार सकिएको थियो । चाडपर्वका कारण असोजमै निवेदन दिन नभ्याएर कार्तिकमा करार नवीकरणका लागि निवेदन दिँदा कार्यालय प्रमुख श्रेष्ठले पुनर्नियुक्ति नगर्दिएको उनले बताएकी छन् ।

'कार्तिकमा नवीकरण नभए पनि काम गर्दै जानु भनेर भन्नुभयो । मंसिरसम्म पूरै काम गर्दा पनि पैसा आएन । पुस १ गते कार्यालय जाँदा त म तपाईंलाई चिन्दिन भनेर पो भन्नुभयो ।' कर्मचारी पोडेले भनिन् । पुसमा घरमै बसेर आइतबार कार्यालय पुगेकी पोडेलाई श्रेष्ठले ज्यालादारीमा हप्ताको २ दिन काम गर्न भनेका थिए । 'ज्यालादारीमा गर्दै जानु पछि करारमा राख्दा सोच्नुपर्छ भन्नुभयो ।' उनले भनिन् ।

आफूसँगै कार्यालय पुगेका श्रीमान र डा.श्रेष्ठबीच विवाद भएको र धकेलाधकेल भएकोसम्म आफूले थाहा पाएको उनले बताएकी छन् । विवाद सुरु भएपछि आफू बेहोस भएको र हस्पिटलमा आइसकेपछि घटनाबारे सबै थाहा पाएको उनले बताइन् । घटनाबारे बुझ्न कार्यालय प्रमुख श्रेष्ठ र सूचना अधिकारी प्रगति अधिकारीलाई सम्पर्क गर्न खोज्दा उनीहरुको फोन उठेन ।

# लागूऔषधसहित एक युवक पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ८ माघ/जिल्ला प्रहरी कार्यालय मकवानपुरले अवैध लागूऔषधसहित हेटौंडाबाट सोमबार दिउँसो २१ वर्षीय युवकलाई पक्राउ गरेको छ ।

प्रहरीले पूर्व-पश्चिम सडकखण्ड अन्तरगत पर्ने मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१५, रातोमाटेस्थित पिपलचौताराबाट लागूऔषध खैरोहेरोइन २५ ग्राम १०० मिलिग्रामसहित एक युवकलाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा काठमाडौंको बागेश्वरी नगरपालिका-७ थलि बस्ने २१ वर्षीय उमेश परियार रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

प्रहरीका अनुसार, परियारलाई प्रहरीचौकी रातोमाटेबाट खटिएको चेकिङ टोलीले पक्राउ गरेको हो । वीरगंजबाट हेटौंडातर्फ आउँदै गरेको ना १ ज ६१५५ नम्बरको सुमोलाई रोकी चेकजाँच गर्ने क्रममा गाडीमा सवार परियारकोसाथबाट लागूऔषध बरामद भएपछि निजलाई पक्राउ गरिएको हो । पक्राउ परेका उनीमाथि प्रहरीले आवश्यक अनुसन्धानका साथै कानूनी प्रक्रिया अगाडि बढाएको जनाइएको छ ।

# बागमतीको जितमा हेटौंडाका रिजनले लिए एउटै खेलमा पाँच विकेट

हेटौंडा, ८ माघ/बायाँ हाते तीव्र गतिका बलर हेटौंडाका रिजन ढकालको उत्कृष्ट बलिङमा बागमती प्रदेशले प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय प्रतियोगितामा कर्णाली प्रदेशलाई ७ विकेटको फराकिलो अन्तरले हराएको छ ।

माथिल्लो मूलपानी क्रिकेट मैदानमा ७९ रनको सामान्य लक्ष्य बागमतीले १३ ओभरमा ३ विकेट गुमाएर भेट्टायो । बागमतीका इशान पाण्डेले ४० रन बनाए । रविन जोशी १६ रनमा नट आउट रहे । यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको कर्णाली रिजनको घातक बलिङमा २४.२ ओभरमा ७८ रनमा अल आउट भएको थियो ।

कर्णालीका विकेटकिपर अर्जुन घर्तीले १९ बलमा ३ चौका र १ छक्कासहित सर्वाधिक २३ रन बनाए । निश्चल रावल ४१ बलमा ३ चौकासहित १३ रनमा आउट भए । अन्य कुनै पनि ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् । ओपनर रविन्द्र शाही ३, दीपेन्द्र रावत १, विपिन शाही ६, आदित्य शाह १ र हिमान्शु शाही ६ रनमा आउट भए ।

बागमतीका रिजन ढकालले ७ ओभरमा १ मेडनसहित २५ रन खर्चेर ५ विकेट लिए । कृर्जन गुरुङले २, प्रतिश जी.सी, सूर्य तामाङ र विपिन आचार्यले १-१ विकेट लिए ।

# गौरीटारमा १० वर्षपछि....

गौरीटार रंगशाला चौर ब्यवस्थापन समितिका संम्योजक आधुनिक तिमल्सिनाका अनुसार हालसम्म चौरमा ७० प्रतिशत काम सम्पन्न भइसकेको छ । प्रतियोगिता हुने मितिसम्म चौरको काम सम्पन्न नभएपनि दर्शकलाई हेर्न मिल्ने गरी काम गरिरहेको उनले जानकारी दिए ।

फुटबल प्रतियोगिता यसअघि हेटौंडा-४ स्थित फरेष्ट्रि क्याम्पसको चौरमा हुने गरेको थियो भने पछिल्लो समय हेटौंडा-स्थित पिप्ले क्याम्पा रंगशालामा हुँदै आएको थियो । सुविधा सम्पन्न र अन्तरर्ष्ट्रियस्तरकै रंगशाला गौरीटारको प्रचारप्रसार गर्न आयोजकले गौरीटार रंगशालामा आयोजना गरेको जिल्ला फुटबल संघ मकवानपुरका अध्यक्ष एवम् एन्फा केन्द्रीय सदस्य टीकाराम लामाले जानकारी दिए । उनका अनुसार पिप्लेक्याम्पा रंगशालामा ३२ सयजना दर्शक अटाउने क्षमता भएको प्याराफिट रहेकोमा गौरीटारमा करिब ५ हजार दर्शक अटाउने क्षमता भएको जानकारी दिए । उनका अनुसार रंगशालामा खेल हेर्न आएका खेलप्रेमीलाई सहज हुने र आँखामा घाम नपर्ने गरी अन्तर्राष्ट्रियस्तरकै मापदण्ड अनुसार निर्माण भएका हुँदा प्रतियोगिताको आयोजना त्यहाँ गर्न लागिएको बताए ।

'यो एउटा ईतिहास बोकेको रंगशाला हो । यो रंगशालामा एनसेल महिला फुटबल कपबाट कुनै खेल प्रतियोगिता भएन त्यहाँ,' उनले भने, 'अब नेपाली फुटबल हब भनेको मकवानपुर हुन्छ । मकवानपुर भनेको गौरीटार रंगशाला हो । फाष्टट्रयाक बन्ने बित्तिकै एक घण्टामा काठमाडौंबाट यहाँ आईपुग्छ ।' नेपली फुटबललाई हब बनाउन र खेलमैदान प्रचार प्रसार गर्नका निम्ति प्रतियोगिता आयोजना गरिएको अध्यक्ष लामाले बताए । गौरीटार रंगशालामा साग प्रतियोगिता गर्ने तयारी पनि भएको जानकारी उनले दिए । खेलप्रेमीलाई टाढा पर्ने अवस्था सिर्जना भए रंगशालासम्म पुग्न यातायाता व्यवस्था गर्ने तयारी रहेको उनले बताए ।

**१२ टिमको सहभागी**

आगामी माघ १६ गतेबाट माघ २७ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा आयोजक, आठवटा ए डिभिजन क्लब, एउटा विदेशी, दुईवटा मोफसलका क्लब गरी १२ टिमको सहभागी हुने हेटौंडामा पत्रकार भेटघाट गरी जानकारी दिइएको छ ।

जिल्ला फुटबल संघ मकवानपुरका अनुसार प्रतियोगितामा ए डिभिजनका चर्च व्वाइज, संकटा, हिमालयन शेर्पा, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, मच्छिन्द्र, मनाङ मर्स्याङदी र थ्रीस्टार क्लब सहभागी हुनेछन् । यसैगरी प्रतियोगितामा भुटानको पारो एफसी, सर्लाहीको बागमती युथ क्लब र धनकुटाको राजारानी क्लब सहभागी हुनेछन् । आयोजकको तर्फबाट रिगल हेटौंडा रिसोर्टको नाममा सहभागी हुने भएको हो ।

हेटौंडा-६ स्थित गौरिटार रंगशालामा हुने प्रतियोगिताको विजेताले नगद १५ लाख, उपविजेताले १० लाख रुपैयाँ प्राप्त गर्नेछन् । सर्वोत्कृष्ट खेलाडीलाई यसवर्ष पनि करिब ५ लाख रुपैयाँ बराबरको बुलेट मोटरसाइकल प्रदान गरिने भएको छ । मोटरसाइकलको प्रायोजन पर्शराम स्मृति प्रतिष्ठानले गरेको संघ अध्यक्ष लामाले जानकारी दिए । प्रतियोगितामा विधागतरुपमा उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर, फरवार्ड र प्रशिक्षकलाई जनही २५ हजार रुपैयाँ तथा प्रत्येक खेलको म्यान अफ दी म्याचलाई १० हजार रुपैयाँ नगद पुरस्कारको व्यवस्था गरिएको छ ।

प्रतियोगिताको छैटौं संस्करण आयोजनाका जिम्मेवारी हेटौंडा-१५ को न्यूडाँफे युथ क्लबलाई प्रदान गरिएको छ । डाँफेले प्रतियोगिताका लागि मैदानको स्तरोन्नति, टिकट तथा अन्य आन्तरिक व्यवस्थापन गर्नेछ । प्रतियोगिताको जिम्मेवारी प्राप्त भएकोले मैदानको स्तरोन्नति लगायतको कार्य तीब्ररुपमा अगाडि बढिरहेको डाँफे क्लबका अध्यक्ष आलोक स्याङ्तानले बताए । २०७७ सालमा भएको तेस्रो संस्करणबाट स्थानीय तह शहिद स्मृति मकवानपुर गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिताको नाममा प्रतियोगिता सञ्चालन भएको हो ।

यस अघि विभिन्न प्रायोजकको नाम राखेर सञ्चालन हुँदै आएको प्रतियोगिताका लागि २०७७ सालबाट जिल्लाका १० वटा स्थानीय तहबाट सहयोग प्राप्त भएपछि मकवानपुर फुटबल संघले 'स्थानीय तह शहीद स्मृति गोल्डकप' नामाकरण गरी प्रतियोगिता सञ्चालन गर्दै आएको हो । जिल्लाको १० वटै स्थानीय तहको आर्थिक सहयोगमा फुटबल संघले शहीद स्मृति गोल्डकप आयोजना गर्दै आएको छ । २०६२/६३ को जनआन्दोलनका शहीदहरुको स्मृतिमा २०६४ सालमा हेटौंडामा पहिलोपटक राष्ट्रिय फुटबल प्रतियोगिताको आयोजना फुटबल संघले गरेको थियो ।

प्रतियोगिताको पहिलो संस्करणको उपाधि थ्रिस्टार क्लबले हात पारेको थियो । २०७५ मा भएको दोस्रो संस्करणको उपाधि घरेलु टोली मकवानपुर-११ ले जितेको थियो । २०७७ मा भएको तेस्रो संस्करण र गत जेठमा सम्पन्न चौथो संस्करणको उपाधि त्रिभुवन आर्मी फुटबल क्लबले जितेको थियो । प्रतियोगिताको पाँचौं संस्करणको उपाधी सशस्त्र प्रहरीको एपीएफ क्लबले जितेको थियो । फाइनलमा हिमालयन शेर्पालाई पराजित गर्दै एपीएफले उपाधि जितेको हो । प्रतियोगिताको पाचौं संस्करण हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा आयोजना गरिएको थियो ।


## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर

विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप आदि) को अधिक प्रयोगले:

- बालबालिकाको आँखाको ज्योति कमजोर हुने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरुसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रतिकुल प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारिरीक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट हुने जोखिमबाट बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## हेटौंडामै उत्पादित

# सुदिन ड्राइमिट






**Ready To Eat**

**हाम्रा विशेषताहरू:**

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

## सुदिन प्याकेजिङ्ग उद्योग

हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना